विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०४/११ मा बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | विराटनगर महानगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धमा। | भू-उपयोग ऐन, २०७६ एवम् नियमावली, २०७९ बमोजिम विराटनगर महानगरपालिका क्षेत्रको कित्ता अनुसारको भू-उपयोग क्षेत्र वर्गीकरणका सम्बन्धमा सेवा प्रदायक संस्था/परामर्शदातासँग पुनः छलफल गरी प्रक्रिया अघि बढाउने सर्वसम्मतिले निर्णय गरियो। |
| २ | स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० बमोजिम कर्मचारीहरूको तह वृद्धि सम्बन्धमा। | कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ मा भएको व्यवस्था एवम् विराटनगर महानगरपालिकाका कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ बमोजिम विराटनगर महानगरपालिकामा कार्यरत स्थानीय सरकारी सेवाका कर्मचारीहरूको तह वृद्धिका लागि विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८२/०३/०१ मा प्रकाशित सूचना अनुसार रीतपूर्वक दरखास्त पेश गर्ने कर्मचारीहरूको ऐनको दफा २७ को उपदफा (४) बमोजिमको तह वृद्धि सिफारिस समितिको सिफारिसका आधारमा **अनुसूची-१** मा उल्लेख भएको विवरण अनुसार २०८२ साउन ०१ गतेदेखि ज्येष्ठता कायम हुनेगरी तह वृद्धि गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ३ | उच्च अदालत विराटनगरको परमादेश अनुसार कर्मचारीहरूको तह वृद्धि सम्बन्धमा। | स्वास्थ्य सेवाबाट विराटनगर महानगरपालिकाको स्थानीय सेवामा समान तहमा समायोजन भई कार्यरत रहेका र तह वृद्धि नभएका जनस्वास्थ्य निरीक्षक (अधिकृतस्तर छैटौं तह) ववता देवी गुरागाईं, सि.अ.हे.व. अधिकृत (अधिकृतस्तर छैटौं तह) भोलानाथ तिम्सिना, सि.अ.न.मि. निरीक्षक (अधिकृतस्तर छैटौं तह) यादवी दङ्गाल अधिकारी र वैद्य निरीक्षक (अधिकृतस्तर छैटौं तह) पुनम कुमारी कर्णले कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० बमोजिम तह वृद्धि हुनका लागि मिति २०८०/०१/२६ मा नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेस गरेकोमा सोउपर कार्यालयबाट कुनै निर्णय नभएको अवस्थामा उक्त अध्यादेश निष्क्रिय भएको हुँदा सो सम्बन्धमा निजहरूले उच्च अदालत, विराटनगरमा रिट निवेदन दर्ता गरेको (मुद्दा नं. ०८१-WO-०५६४) र सम्मानित अदालतबाट मिति २०८२/०३/०२ मा परमादेश जारी भएकोले उक्त आदेशको आधारमा उल्लिखित अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम मिति २०८०/०१/२७ देखि ज्येष्ठता लागु हुनेगरी निजहरूलाई एकपटकका लागि एक तह वृद्धि गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ४ | विद्यालय भवन निर्माणका लागि भारतीय राजदूतावासमा सिफारिस गर्ने सम्बन्धमा। | भारत सरकारको सहयोगमा सञ्चालन हुने साना विकास परियोजना कार्यक्रम अन्तर्गत नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा देहाय बमोजिमको विद्यालयको भौतिक संरचना निर्माणका लागि आयोजनाको १० प्रतिशतसम्म लागत साझेदारी महानगरपालिकाले ब्यहोर्नेगरी देहायमा उल्लिखित लागत अनुमानको प्रस्ताव पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१) विराट बहिरा माध्यमिक विद्यालय, विराटनगर ५ - रु. ३,४५,८७,०००।-<br>(अक्षेरुपी तीन करोड पैंतालिस लाख सतासी हजार रुपैयाँ मात्र) |

प्रतिलिपि
अधिकृत आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| ५ | विविध। | (क) महानगरपालिकाको वित्तीय अधिकारक्षेत्र अन्तर्गत जडीबुटी, कवाडी र जीवजन्तु कर सङ्कलन गर्न आय ठेक्का व्यवस्थापनका लागि कार्यालयबाट प्रकाशित सार्वजनिक सूचना अनुसार प्रस्ताव पेश गरी नियमानुसार छनोट भएको प्रस्तावदाता श्री रामधुनी निर्माण सेवा, गढी ४, सुनसरी तोकिएको समयसीमाभित्र खरिद सम्झौता गर्न नआएको र बैंक सम्बन्धी कागजात समयमै जुटाउन नसकेको कारण ठेक्का सम्झौता गर्न नसक्ने भनी पत्रमार्फत जानकारी समेत गराएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१)(ख) बमोजिम उक्त प्रस्तावदातालाई कालो सूचीमा राख्नका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ख) सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप नगर बस सञ्चालनका लागि परामर्शदाता पार्वती इन्टरियर प्रा.लि.मार्फत तयार गरी पेश भएको पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन र महानगरपालिकाको सार्वजनिक-निजी साझेदारी एकाइबाट तयार गरिएको मूल्याङ्कन फाराम तथा नमूना सम्झौतालाई सर्वसम्मतिले स्वीकृत गरियो। साथै, मिति २०८२/०४/०९ मा प्रकाशित नगर बस सञ्चालन सम्बन्धी महानगरपालिकाको सार्वजनिक सूचनालाई समेत अनुमोदन गरियो।<br><br>(ग) अष्ट्रेलियाको सिड्नीमा सम्वत् २०८२ साल भदौ २१ गते (सेप्टेम्बर ६, २०२५) मा हुन गइरहेको गैरआवासीय नेपाली संघ, अष्ट्रेलियाको वार्षिक साधारण सभा (Annual General Meeting) मा सहभागिताका लागि विराटनगर महानगरपालिकाका प्रमुखज्यूलाई निमन्त्रणा प्राप्त भएकोले उक्त कार्यक्रममा सहभागी हुन जानका लागि प्रमुखज्यूलाई सर्वसम्मतिले सहमति प्रदान गरियो।<br><br>(घ) International Development Institute (IDI) को आयोजनामा सम्वत् २०८२ साल कात्तिक १६ देखि २० गतेसम्म (नोभेम्बर २ देखि ६, २०२५) संयुक्त राज्य अमेरिकाको वासिङ्टन डिसिमा सञ्चालन हुने **Local Government Leaders Observational Visit Program 2025** मा सहभागिताका लागि विराटनगर महानगरपालिकाकी उपप्रमुख श्री शिल्पा निराला कार्कीज्यूलाई निमन्त्रणा प्राप्त भएकाले उक्त कार्यक्रममा सहभागी हुन जानका लागि उपप्रमुखज्यूलाई सर्वसम्मतिले सहमति प्रदान गरियो।<br><br>(ङ) प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम संवर्धन केन्द्र सञ्चालन गर्नका लागि **विराटनगर प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम संवर्धन केन्द्र व्यवस्थापन कार्यविधि, २०८२** सर्वसम्मतिले स्वीकृत गरियो।<br><br>(च) विराटनगर महानगरपालिका वडा नं. ८ (साविक विराटनगर ६) स्थित कि.नं. ३१६ को ०-११-०-० क्षेत्रफलको जग्गामा वडा कार्यालय भवनको पश्चिमतर्फ आधारभूत स्वास्थ्य केन्द्र, विराटनगर ८ को भवन निर्माण गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंलाई बजेट व्यवस्थाका लागि सहयोग माग गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल

अधिकृत आठौं

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | (छ) सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम अन्तर्गत सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१ अनुसार कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि कर्मचारी परिचालन गर्नुपर्ने भएको र उक्त मार्गदर्शनमा कर्मचारी छनोट तथा नियुक्ति प्रक्रियाको सम्बन्धमा स्पष्ट व्यवस्था नभएकाले आवश्यक पाठ्यक्रम तयार गरी परीक्षा सञ्चालन गरेर सम्पूर्ण छनोट प्रक्रिया पूरा गरी नियुक्तिका लागि सिफारिस गर्नेगरी देहाय बमोजिमको पदपूर्ति सिफारिस समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१) प्रमुख प्रशासकीय अधिकृत - संयोजक<br>(२) सामान्य प्रशासन महाशाखा प्रमुख - सदस्य<br>(३) प्रमुखले तोकेको एक जना विज्ञ सदस्य - सदस्य<br>(४) आर्थिक विकास महाशाखा प्रमुख - सदस्यसचिव |

अधिकृत आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

## अनुसूची-१

*(विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०४/११ मा बसेको बैठकको निर्णय नं.२ सँग सम्बन्धित)*

ऐनको दफा २७ बमोजिम तह वृद्धि गरिएको विवरणः-

अधिकृतस्तर सातौं तहदेखि अधिकृतस्तर आठौं तहः

| ज्येष्ठता क्रम | नाम थर | कर्मचारी सङ्केत नं. | हालको पद/तह | तह वृद्धि हुने पद/तह | सेवा/समूह/उपसमूह |
|---|---|---|---|---|---|
| १ | सुशील दाहाल | २३९३१६ | अधिकृत/अधिकृतस्तर सातौं | अधिकृत/अधिकृतस्तर आठौं | स्थानीय शिक्षा/शिक्षा प्रशासन |

सहायकस्तर पाँचौं तहदेखि अधिकृतस्तर छैटौं तहः

| ज्येष्ठता क्रम | नाम थर | कर्मचारी सङ्केत नं. | हालको पद/तह | तह वृद्धि हुने पद/तह | सेवा/समूह/उपसमूह |
|---|---|---|---|---|---|
| १ | सुज्वल पोखरेल | २३९८१८ | सव-इन्जिनियर/सहायकस्तर पाँचौं | इन्जिनियर/अधिकृतस्तर छैटौं | स्थानीय इन्जिनियरिङ/सिभिल |
| २ | सुलभ पोखरेल | २४०८८० | सव-इन्जिनियर/सहायकस्तर पाँचौं | इन्जिनियर/अधिकृतस्तर छैटौं | स्थानीय इन्जिनियरिङ/सिभिल |
| ३ | रविन कुमार यादव | २३९०२८ | सव-इन्जिनियर/सहायकस्तर पाँचौं | इन्जिनियर/अधिकृतस्तर छैटौं | स्थानीय इन्जिनियरिङ/सिभिल |
| ४ | राधा कार्की | २३९५८८ | म.वि.नि./सहायकस्तर पाँचौं | अधिकृत/अधिकृतस्तर छैटौं | स्थानीय विविध |
| ५ | समिक्षा कुमारी चौधरी | २४०२२१ | सव-इन्जिनियर/सहायकस्तर पाँचौं | इन्जिनियर/अधिकृतस्तर छैटौं | स्थानीय इन्जिनियरिङ/सिभिल |
| ६ | अम्बिका सुवेदी | २३९८०१ | प्राविधिक सहायक/सहायकस्तर पाँचौं | अधिकृत/अधिकृतस्तर छैटौं | स्थानीय शिक्षा/शिक्षा प्रशासन |
| ७ | ममता अधिकारी न्यौपाने | २३९३८५ | प्राविधिक सहायक/सहायकस्तर पाँचौं | अधिकृत/अधिकृतस्तर छैटौं | स्थानीय शिक्षा/शिक्षा प्रशासन |

अधिकृत आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल